**Voice : A Biannual & Bilingual Journal**
*2025 July, Vol : 17, No. 1, pp.177-192*
DOI : https://doi.org/10.3126/voice.v17i1.84789

# मुक्त कमैया पुनर्स्थापनामा तहगत सरकारका आ-आफ्नै नीति, पुनर्स्थापनामा अन्यौलता

डिल्ली बहादुर बि.सी.[1]

**Article Information : Received :** June 19, 2025 **Revised :** June 28, 2025 **Accepted :** July 17, 2025

## सारसङ्क्षेप

बाँधा श्रमिक कमैयाको मुक्ति वि.सं. २०५७ साउन २ गते सरकारी घोषणाबाट मुक्त गरियो । सरकारले मुक्त कमैयाको पहिचान, पुनर्स्थापना, वृद्धि विकास, सीप विकास देखि रोजगारीका लागि समेत सहयोगका लागि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५ नीतिगत व्यवस्था छ । संघीय शासन व्यवस्थाले तीन तहका सरकार संवैधानिक रुपमा व्यवस्था गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारले (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८०), दाङ जिल्लाको राप्ती गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८०), बर्दियाको बढैयाताल गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८०), बर्दियाकै गेरुवा गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८१), कैलालीको जानकी गाउँपालिकाले (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८१) र कैलालीकै भजनी नगरपालिकाले (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८१) यसरी नीति(कार्यविधि) बनेका छन् । सबै तहका सरकारले बनाएका नीतिको एकै प्रवृतिको काम मुक्त कमैयाको पुनर्स्थापना रहेको छ । तर संघीय ऐन र गठन आदेशले स्थानीय सरकारको शब्दसम्म उल्लेख गरेको छैन । प्रदेश र स्थानीय सरकारले संविधानको भाग ४ धारा ५१ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को अधिकार प्रयोग गरी कार्यविधि जारी गरिएकोले संघ र अन्य तहका सरकारको नीतिबीच एक रुपता छैन, प्रतिफल प्राप्त गर्ने वर्ग एकै भएको नीतिगत भिन्नता, नीतिहरुको चिफार, प्रावधानमा अन्तसम्बन्ध, एक अर्को तहका नीतिमा असमान्ता जस्ता पक्षले गर्दा पुनर्स्थापनामा असर पर्ने र सबै तहका नीतिको मुख्य उदेश्य प्राप्त नहुने देखिन्छ ।

**शब्दकुन्जी :** कार्यविधि, पुनःस्थापना, पुनर्स्थापना कम्लहरी, कमलहरी, भूदासता, जमिन्दार, मुक्त कमैया, राजपत्र

[1]विद्यावारिधी शोधार्थी, आमसञ्चार तथा पत्रकारिता, नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङ
इमेल : dillibc@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## पृष्ठभूमि

कमैयाको इतिहास एकिन रुपमा नभएपनि २०२१ सालको भुमिसुधार ऐन कार्यान्वयन हुनु भन्दा पहिले समान्ति शासन व्यवस्थाको उपज जमिनमा नियन्त्रण र जमिनमा कर्मका आधारमा भूदास पर्था बस्नु पर्ने बाध्यता हुनु सक्छ। यो भूदासताको रुपनै सारमा कमैया पर्था बन्न गएको हुन सक्छ। तर जब कमैया मुक्त भयो अनि त्यसका पुनर्स्थापना गर्नु सरकारले नीतिगत दायित्व बनाएको थियो । संघीय स्तरमा मुक्त पुनर्स्थापनाका लागि मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग, गठन आदेशले पुनर्स्थापनाको सम्पूर्ण कार्य जिल्ला तहबाट हुने नीतिगत व्यवस्था गरेको छ । संविधानले जिल्ला केवल समन्वयको कल्पना गरेको छ । स्थानीय सरकार(पालिका) नै कार्यकारी भुमिकामा रहे का छन् । आयोगको गठन आदेशले चिन्दैन दफा ६ को (च) मा मुक्त कमैया पुनःस्थापना तथा वृत्ति विकास कार्यक्रम सम्बन्धी विषयमा जिल्लास्थित समितिबाट प्राप्त सुझाव तथा सिफारिसमा आवश्यक अध्ययन तथा छानवीन गरी उपयुक्त व्यवस्थाको लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउने (मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग (गठन), २०६६, (सत्रौं संशोधन) आदेश, २०७५)

जनआन्दोलनको परिवर्तनले शासन व्यवस्था नै परिवर्तन भएर संघीय संरचना भयो । त्यही संरचनाले तीन तहको सरकार गठन यो । संघ, प्रदेश र स्थानीय सरकार संबैधानिक रुपमा अधिकारको प्रत्यायोजन र जिम्मेवारी वहन गर्नु पर्ने दायित्व छ । तर पहिलो पटक स्थानीय तहको निर्वाचन मार्फत २०७४ सालमा स्थानीय सरकार गाउँपालिका, नगरपालिका, उमहानरपालिका र महानरपालिका सेवामा भुमिका निर्वाह गर्न सुरु भयो । मुक्त कमैया पुनर्स्थापनाका लागि संघीय कानुनले जिल्ला तहसम्म अधिकार प्रदान गरको छ । अधिकार सम्पन्न स्थानीय सरकार जसले प्रत्यक्ष रुपमा मुक्त कमैया पुनर्स्थापनामा अनिवार्य जिम्मेवारी, दायित्व र कर्तव्य निर्वाह गर्नु पर्ने विधिसंवत प्रावधान भएपनि मुक्त कमैया पुनर्स्थापना ऐन, नियम र आयोग गठनको नीतिले चिन्दैन । यसैगरी मुक्त कमैयाको बसोबास रहेको सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश राजपत्र जारी गरेको छ (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८०) । यस प्रदेश कार्यविधि र दाङ जिल्लाको राप्ती गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८०), बर्दियाको बढैयाताल गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८०), गेरुवा गाउँपालिकाले (मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८१), कैलालीको जानकी गाउँपालिकाले (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८१) र भजनी नगरपालिकाले (मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८१) को राजपत्रका मुक्त सहित हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधिले जिल्ला तहको संरचना चिन्दैन, जिम्मेवारी या अनुरोध छैन । यी तीन तहका मुक्त कमैया पुनर्स्थापनाका कानुन, विधिबीच समन्वय, सहकार्य र एकल अर्कोलाई संबोधन नहुँदा फेरी मुक्त कमैया पुनर्स्थापनामा नीतिगत विवाद देखिएको छ। यस अध्ययनमा मुक्त कमैया पुनर्स्थापना गर्नु पर्ने तीन तहका सरकारको स्वीकारोक्ति छ, नीति पनि छ, तर नीतिका विचमा एकरुपता पनि देखिदैन र तहगत सरकारका नीतिमा पुनर्स्थापनाको कार्य, जिम्मेवारी र दायित्वमा पनि विविधता देखिएकोले कार्यान्वयन सहज देखिदैन त्यस पश्चात परिणामा पनि नहुने भएको यो प्राज्ञिकका विधिमा यो अध्ययन गरिएको छ ।

## समस्या कथन

पहिचान र पुनर्स्थापनामा मुक्त कमैया छुट हुनुको तत्कालिक कारणहरु २०५७ सालमा देशमा दुई पक्षीय हतियारधारी संघर्षमा थिए । गाउँवस्तीमा तत्कालिन नेकपा माओवादी सशस्त्र युद्धमा थिए भने सरकारी सेना, प्रहरी तथा सुरक्षा निकाय पनि उनीहरु युद्धलाई निष्तेज बनाउन हतियार सहित खोज्ने र यद्ध गर्दै थिए। "जमिन्दार विरुद्ध माओवादी थियो।

उनीहरुको हत्या समेत गरिरहेको थियो । जमिन्दार पनि माओवादी त्रासका कारण वस्तीहरु छाडेर शहर केन्द्रित हुँदै थिए । कमैया वसेको पहिचान लिनका लागि मुक्त कमैयालाई सहज थिएन भने जमिन्दारलाई पनि कमैया वसालेको पहिचानमा हस्ताक्षर गर्दा माओवादीको तारो हुने डरले पनि कमैया पहिचानको बाधक भएको थियो । कर्मचारी पनि माओवादी युद्धले गर्दा बस्ती सम्ममा पुग्ने र सूचना संकलनमा कतिपय डर त्रास र कतिपय बहानबाजीका आधारमा तथ्याङ्क संकलन, प्रसोधन र परिचयपत्र वितरणमा प्रभावित भएको थियो ।"(बि.सी., डिल्लीबहादुर, २०८२)

तत्कालिन सरकारले २०५२, २०५७ र २०५९ सालको छूट गणनाबाट कमैयाा परिवारको कुल संख्या ३२,५०९ कायम भएको थियो । कमैया परिवारको एकीकृत सरकारी गणना र लगत (बि.सं २०५२-२०५९)

**छुट मुक्त कमैयाको अभिलेख**

**तालिका नं.१**

| **जिल्लाको नाम** | **छुट मुक्त कमैया परिवारको संख्या** | **स्रोत व्यक्ति** | **कैफियत** |
|---|---|---|---|
| दाङ्ग | ३,३८५ | हरिचन्द्र चौधरी | |
| बर्दिया | ५,५३० | दुखराम थारु | |
| कैलाली | ९५३ | सरकारी तथ्याङ्क | |
| कैलाली | २५९४ | दिपु चौधरी | |
| **जम्मा** | **१२४६२** | | |

स्रोतः(मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति, २०७८)

**हालसम्म मुक्त कमैयाको पुनर्स्थापना, हुन बाँकी, सट्टाभर्ना बाँकी विवरण**

वि.सं. २०५७ सालमा कमैया मुक्त पश्चात पाँच वटै जिल्लामा रहेका मुक्त कमैयाको अभिलेख लिएको थियो । मुक्त कमैयाको पुनर्स्थापना, पुर्नस्थापना हुन बाँकी, सट्टाभर्ना बाँकी परिचयपत्र प्राप्त मुक्त कमैयाको वितरण समेत ।

**तालिका नं.२**

| जिल्ला | जग्गा विहिन परिवार संख्या (क) र (ख) वर्ग | हालसम्म पुनर्स्थापना गरिएका परिवार | हालसम्म पुनर्स्थापना गर्न बाँकी संख्या | सट्टाभर्ना बाँकी | क, ख, ग र घ वर्गका परिवार |
|---|---|---|---|---|---|
| दाङ | ७०५ | ७०५ | | ८० | १४२९ |
| बाँके | १९२१ | १९२१ | | २६ | २३१६ |
| बर्दिया | ११५५१ | १०९२१ | १६७ | ९२ | १४४९९ |
| कैलाली | ८९७५ | ८५०३ | ५२९ | २३६ | ९७६२ |
| कञ्चनपुर | ४४१८ | ४३९० | ४० | | ४५०६ |
| **जम्मा** | **२७५७०** | **२६४४०** | **७३६** | **४३४** | **३२५०९** |

कञ्चनपुर जिल्लामा २८ जना सम्पर्कमा नआएकोले लगत कट्टा गरिएकोः स्रोत सम्बन्धित भूमिसुधार कार्यालयहरू, २०७३ (नेपाल सरकार भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(आ.व.२०७३/२०७४)

**अध्ययनको उद्देश्य**

मुक्त कमैया र उनीहरुसँग आश्रित परिवारको तीनै तह(संघ, प्रदेश र स्थानीय) सरकारले संविधान, ऐन, नियम, कार्यविधि वा निर्णय एक अर्को सरकारको कार्यविधिबीच नीतिगत व्यवस्थाको अध्ययन गरी तिनै कानुनी प्रावधान, अधिकार र तहगत सरकारबीच समन्वय, जिम्मेवारीको अवस्था र व्यवस्थाले मुक्त कमैयाको पहिचान, पुनर्स्थापनामा पार्ने असरको पहिल्याउने ।

अध्ययनको औचित्य

मुक्त कमैया पुनर्स्थापना आजका मितिसम्म नहुनु सरकारले मुक्त कमैयालाई विभेद गरेको प्रमाणित हुन्छ । अझै सरकारी सम्पति विभिन्न प्रतिवेदनले मुक्त कमैयाको पहिचानमा छुट, पुनर्स्थापना भईनसकेको र अझै पहिचान गरी पुनर्स्थापना गर्नु पर्ने सुझाव छन् । यस प्राज्ञिक अनुसन्धानमूलक अध्ययनले मुक्त कमैया पुनर्स्थापना गर्ने कुन तहको सरकारको जिम्मेवारी हो भन्ने निर्क्योल गर्नु पर्ने कानुनी बाध्यताको अध्ययन गरिएको छ ।

(क) मुक्त कमैया पुनर्स्थापनाका लागि बनेका नीति, गठन आदेश र कार्यविधिमा तत्काल एकरुपता आउने,

(ख) नीति नबन्दा कार्यसम्पादन नहुने तर नीति बाँझिएमा वा तहगत सरकारले आ-आफ्नै नीति बनाउदा सेवा पाउने वर्गका लागि अन्यौल हुने र सेवा नपाउने संभावना हुनसक्ने विषयको चर्चा,

(ग) ऐन, गठन आदेश र कार्यविधि एक रुपमता ल्याउन दवाव सिर्जना हुने,

(घ) मुक्त कमैया, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले नीतिगत विविधता र कमिकमजोरी सच्चाउने,

(ङ) नीति नै परिवर्तन भएर मुक्त कमैयाको पुनर्स्थापना एकद्वार प्रणालीबाट हुने नीति बन्नेछ ।

**अध्ययनको सीमा**

यस अध्ययनको सीमा मुक्त कमैया भोगाई, कथा वा सरकारले गरेका कामको सकारात्मक वा नकारात्मक कुनै व्याख्यामा आधारित रहेर अध्ययन गरिएको छैन । यो केवल मुक्त कमैयाको बसोबास रहेका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहहरु तथा लुम्बिनी र सुदूरपश्चिम सरकारले मुक्त कमैया पुनर्स्थापनाका सवालमा बनाएका मुक्त कमैयाको पुनर्स्थापना कार्याविधि तथा संघीय ऐन र गठन आदेशका विषयमा मात्रै केन्द्रित छ । यसमा तीनै तहका सरकारले पारित गरेका नीति, विधिमा निर्माणका संबैधानिक आधार, कानुनी सम्बन्ध र कार्यविधिका प्राबधान तथा ऐन र गठन आदेश बीचको समन्वय, कार्य जिम्मेवारी, अधिकारको प्रत्यायोजन र अन्य कानुनी संरचनाको बारेमा मात्रै अध्ययन गरिएको छ । यसले बस्तीस्तरमा अव्यवस्थित रुपमा बसोबास गरेका मुक्त कमैयाको पुनर्स्थापनामा कानुनी अधिकारको भिन्नताले पुनर्स्थापनामा पार्ने असहयोग र हुनसक्ने बाधा अडचनका विषयबस्तु मात्रै यस अध्ययनका सीमा रहेको छ ।

पूर्वकार्यको समीक्षा

संघीय सरकारको कमैया मुक्ति र पुनर्स्थापनाका लागि गरिएका मुख्य नीतिगत व्यवस्थामा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५, सत्रौं संशोधन २०७५ ले समेत लोकतान्त्रिक गणतन्त्रको संवैधानिक व्यवस्था अनुसारको तीन तहको संरचनाका बारेमा जिम्मेवारीको बाडफाँट र स्थानीय सरकारसँग नीतिगत रुपमा ऐनमा समन्वय छैन । कमैया श्रम (निषेध गर्ने)

सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ को परिच्छेद-४ को जिल्ला तहको गठन हुने समितिको गठन तथा काम, कर्तव्य र अधिकारको दफा ८ को समितिको गठन (१) मुक्त कमैयालाई पुनःस्थापन गर्ने सम्बन्धमा जिल्ला स्तरमा काम गर्नको लागि नेपाल सरकारले तोकिदिएको जिल्लामा मुक्त कमैया पुनःस्थापन तथा अनुगमन समिति रहनेछ। (कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२)

मुक्त कमैयाको पुनर्स्थापनाका लागि संयुक्त रुपमा पुनर्स्थापनाका लागि सरकार र मुक्त कमैयाका प्रतिनिधिबीच विभिन्न समयमा विभिन्न पटक, लिखित संझौता भएका छन्। मुक्त कमैया र उनीहरुसँग आश्रित परिवारको पुनर्स्थानका लागि सरकारले संझौता गरेका छ। तत्कालिन भुमिसुधार तथा व्यवस्था मन्त्री प्रभुनारायण चौधरी, संसदको प्राकृतिक स्रोत तथा साधन समितिका अध्यक्ष प्रकाश ज्वाला र आन्दोलनरत मुक्त कमैया अधिकारकर्मी एवं मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले २०६३ पुस २० गतेका दिन संयुक्त रुपमा हस्ताक्षर गरेको सहमतिको बुँद्धा नं. ५ परिचयपत्र प्राप्त मुक्त कमैया परिवारहरुको पुनर्स्थापना तत्काल गर्ने र त्यसको लगतै कमलहरी, बुक्रही छेकरवार, गैवार र भैसवारहरुका सम्बन्धमा साविक लगत लिँदा मुक्त कमैया परिवारभित्र समावेशबाहेक कमलहरी, बुक्रही, छेकरवार, गैवार र भैसवारलाई छानविन गरी पुनःस्थापना गर्ने।(दश बुँद्धे सहमति, २०६३)

मुक्त कमैया पुनर्स्थापनाका लागि संघीय सरकारले मुक्त पहिचान पुनर्स्थापनाका लागि २०५२ साल देखि आधिकारिक रुपमा मुक्त कमैयाको लगत संकलन, दासताको विरुद्ध शिक्षा, तथा उनीहरुलाई मालिक र श्रमिकका विषय भएका विभेद तथा अन्यका बारेमा गैरसरकारी संख्या मार्फत मुक्ति अभियान र पुर्स्थापनाका पहल गर्दै आएको देखिन्छ।

- २०५२ सालमा कुल कमैया परिवार १५ हजार १५२ जनाको तथ्याङ्क संकलन कार्यक्रम।
- २०५२ सालमा कमैयाले तिर्नुपर्ने कुल ऋण (सौकी) ४ करोड ८९ लाखको हरहिसाब र त्यो जमिन्दारलाई सरकारले तिरिदिने तयारी भएको तर पछि तिरिदएन।
- २०५२ सालमा लगत संकलन सँगसँगै ८ सय १७ वटा कमैया समूह गठन र ती समूहलाई बचत परिचालन कार्यक्रम
- २०५२/५३ देखि कमैया पुनःस्थापना तथा वृत्ति विकास कार्यक्रम।
- सरकारले २०५२ सालदेखि आइ.एल.ओको सहयोगमा कमैया घुम्तिकोष कार्यक्रम।
- २०५२ सालदेखि कमैया उद्यमी विकास कार्यक्रम।
- २०५३ सालदेखि जिल्ला कमैया बसोबास समिति।
- २०५५ असारदेखि जिल्ला कमैया ऋण मोचन कोष।
- २०५७ साउन २ गते कमैया मुक्त घोषणा भएको थियो (बि.सी., डिल्लीबहादुर, २०८२)

तर सरकारले कमैया मुक्त घोषणा २०५२ साल साउन २ गते गरेको थियो। उनीहरुको पुर्नस्थापनाका लागि ऐन २०५८ फागुनमा जारी गरेको थियो। मुक्त कमैया पुनर्स्थापना आयोग गठनका लागि आदेश २०६५ सालमा जारी गरेको थियो। कमैया (श्रम निषेध गर्न) सम्बन्धि ऐन जारी गरेको एक दशक पार भएपछि २०६८ सालमा मात्रै कमैया श्रम निषेध गर्ने नियमावली जारी गरेको छ।

दाङ जिल्लामा छुट कमैयाको संख्या ३ हजार ३८५ रहेको मुक्त कमैया समाज दाङ्गका जिल्ला अध्यक्ष हरिचन्द्र चौधरीको भनाई छ। बाँकेमा जमिन पाउनबाट १० प्रतिशत वास्तविक कमैया छूटमा परेका अभियन्ता एकराज चौधरीको भनाइ छ। बर्दियामा सरकारकै लगत मुताबिक क देखि घ बर्गका सबै हिसाब गर्दा छूट कमैया ५ हजार

५३० रहेको मुक्त कमैया समाज जिल्ला अध्यक्ष दुखराम थारुको भनाई छ। कैलालीमा सरकारी तथ्याङ्क मुताबिक ९५३ र शिबिरमा सरकारले दिएको चुट्का र तत्कालिन गाविसले दिएको सिफारिस सहित २ हजार ५९४ रहेको मुक्त कमैया पुनर्स्थापना अभियन्ता दीपु चौधरीको भनाई छ। यसकै आधारमा फिल्डमा छूट कमैया १२ हजार ४६२ परिवार देखिँदैन। (मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति, २०७८)

## शोध बिधि

**अनुसन्धान ढाँचाः** यो अध्ययन मुक्त कमैयाको पुनर्स्थापनाका लागि तीन तहका सरकारले बनाएका ऐन, गठन आदेश र कार्यविधिमा केन्द्रित भएकोले यसलाई अन्वेषणत्मक अनुसन्धान ढाँचामा अनुसन्धान गरिएको छ।

**तथ्याङ्कको स्रोत :** यो अध्ययनको गुणात्मक तथ्य संकलन तथा प्रस्तुतिमा छ। यसको प्रमुख स्रोत सरकारहरुले पारित र जारी गरेका कानुन, ऐन, गठन आदेश र कार्यविधि अध्ययनका प्रमुख स्रोत रहेकाछन्।

## तथ्याङ्क विश्लेषण र प्रस्ततीकरण

संघीय सरकारले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५ मा मुक्त कमैयाको पुनर्स्थापनान लागि नीतिगत व्यवस्था गरेको छ। ऐन र आदेशमा व्यवस्था गरिएका विषय र सवालमा के कस्ता प्रावधान समावेस गरिएको थियो।

**तालिका नं.३**

| **कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, २०७२।११।१३** | |
|---|---|
| **ऐनको अंग** | **नीतिगत व्यवस्था** |
| परिच्छेद-१ प्रारम्भिक | परिभाषाः (क) "कमैया श्रम" भन्नाले देहायका कारणबाट विना ज्याला वा न्यून ज्यालामा ऋणदाताको लागि गर्नु पर्ने श्रम वा सेवा सम्झनु पर्छ -<br>(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,<br>(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,<br>(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नको लागि,<br>(ख) "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्छ।<br>(ग) "कमैया ऋण" भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी वा वस्तु सम्झनु पर्छ र सो शब्दले सौकी वा अन्य ऋण समेतलाई जनाउँछ।<br>(घ) "ऋणदाता" भन्नाले कमैया श्रमिकलाई ऋण प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।<br>(ङ) "परिवार" भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा... छोरी सम्झनुपर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियार समेतलाई जनाउँछ।<br>(च) "मुक्त कमैया" भन्नाले दफा ३ बमोजिम मुक्त भएको कमैया श्रमिक सम्झनु पर्छ |
| परिच्छेद-२ कमैया श्रम निषेध सम्बन्धी व्यवस्था | "मुक्त कमैया" दफा ३. कमैया श्रमिकबाट मुक्त हुनेः यो ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुनेछ। |

| | |
|---|---|
| परिच्छेद-४<br>समितिको गठन तथा काम, कर्तव्य र अधिकार | ८. समितिको गठन - (१) मुक्त कमैयालाई पुनर्स्थापना गर्ने सम्बन्धमा जिल्ला स्तरमा काम गर्नको लागि नेपाल सरकारले तोकिदिएको जिल्लामा मुक्त कमैया पुर्नस्थापना तथा अनुगमन समिति रहनेछ ।<br>(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-<br>(क) जिल्ला समन्वय समितिको प्रमुख - अध्यक्ष<br>(ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य<br>(ग) जिल्ला शिक्षा कार्यालयको प्रमुख - सदस्य<br>(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत - सदस्य<br>(ङ) जिल्ला वन कार्यालयको प्रमुख - सदस्य<br>(च) जिल्ला भूमिसुधार कार्यालयको प्रमुख - सदस्य<br>(छ) श्रम कार्यालय रहेको जिल्लामा सो कार्यालयको प्रमुख-सदस्य<br>(ज) जिल्ला कृषि विकास कार्यालयको प्रमुख-सदस्य<br>(झ) जिल्ला स्तरमा रहेका बैंकिङ्ग कार्यालयका प्रमुख हरुमध्येबाट एकजना-सदस्य<br>(ञ) जिल्ला स्तरका किसान सम्बन्धी संघ संगठनहरु मध्येबाट एकजना-सदस्य<br>(ट) ट्रेड यूनियन सम्बन्धी संघ संस्थाहरु मध्येबाट बढीमा तीन जना-सदस्य<br>(ठ) कमैया श्रमिक सम्बन्धमा काम गरेका गैर सरकारी संस्थाहरु मध्येबाट एकजना-सदस्य<br>(ड) मुक्त कमैयाहरु मध्येबाट एकजना -सदस्य<br>(ढ) कल्याणकारी अधिकृत -सदस्य-सचिव<br>(३) उपदफा (२) को खण्ड (झ), (ञ), (ट), (ठ) र (ड) बमोजिमका सदस्यहरुको मनोनयन समितिको अध्यक्षले गर्नेछ र निजहरुको पदावधि तीन वर्षको हुनेछ ।<br>(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिमहुनेछ । |
| **मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५।०६।०५** | |
| प्रस्तावना | सामाजिक न्यायका दृष्टिले मुक्त कमैयाहरुको पुनःस्थापना कार्य सम्पन्न गर्न र वृत्ति विकासका पूर्वाधारहरुकोल तर्जुमा गरी उनीहरुको जीवनस्तर अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक व्यवस्थाका लागि एक आयोग गठन गरी त्यसको काम, कर्तव्य र अधिकार समेतको व्यवस्था गर्न वाञ्छिनीय भएकोले, नेपाल सरकार(मन्त्रीपरिषद्) ले देहायको आदेश जारी गरेको छ । |
| दफा.९ मुक्त कमैया पुनःस्थापन जिल्ला समिति गठन | (१) यस आदेश र आयोगका निर्णय कार्यान्वयन गर्नका लागि आयोगको कार्यक्षेत्रभित्रका प्रत्येक जिल्लामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी मुक्त कमैया पुनःस्थापना जिल्ला समितिको गठन गरिनेछ ।<br>(क) जिल्ला समन्वय समितिको प्रमुख-संयोजक<br>(ख) प्रतिनिधि(अधिकृतस्तर) जिल्ला प्रशासन कार्यालय-सदस्य<br>(ग) प्रमुख, नापी कार्यालय-सदस्य<br>(घ) प्रमुख, जिल्ला वन कार्यालय<br>(ङ) ए.ने.क.पा. माओवादी, नेपाली कांग्रेस, ने.क.पा.एमाले र मधेशी मोर्चाका एक-एक जना-सदस्य<br>(च) मुक्त कमैयाको प्रतिनिधित्व हुने गरी दुई जना महिला सहित चार जना प्रतिनिधि भूमिसुधार अधिकारीको सिफारिशमा कार्यान्वय समितिले तोकेको सदस्यहरु -सदस्य<br>(छ) प्रमुख, भूमिसुधार तथा मालपोत कार्यालय-सदस्य सचिव<br>(२) जिल्ला समितिले आवश्यकता अनुसार जिल्लामा क्रियाशील राजनैतिक दलका प्रतिधिहरु मध्येबाट बढीमा २ जना कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>(क) जिल्ला समितिले राष्ट्रिय निकुञ्जको वार्डेनलाई समेत आमन्त्रण गर्न सक्नेछ । |

संघीय सरकारले जारी गरेको कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ मा व्यवस्था भए अनुसकारको कमैया श्रमिक भनि परिभाषा भित्रका कमैया र कम्लरिया मुक्त गर्ने, पुनर्स्थापना तथा बृद्धि विकासका कार्य र सेवा दिएको पाइन्छ तर यसै ऐनमा "भैंसवार, गैवार, बर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो"को हालसम्म पनि कुनै प्रकारको सेवा, सुविधा र पहिचान प्रदान गरको पाईदैन । कानुन बन्नु सुखद पक्ष हो तर कार्यान्वयनमा पीडित पहिचानितका बारेमा हालसम्म कनै सहयोग र सवा उठान भएको पाइदैन यसले पीडित पक्षको हालको अवस्था के, कस्तो छ । यसका साथै कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५ ले समेत लोकतान्त्रिक गणतन्त्रको संवैधानिक व्यवस्था अनुसारको स्थानीय सरकारलाई मुक्त कमैया पुनर्स्थापनाको कुनै भुमिकाको शब्द उच्चारण संघीय कानुन कार्यान्वयनमा देखिदैन । पुनर्स्थापनाको जिम्मेवारी जिल्ला समन्वय समितिका संयोजनक, जिल्ला तहमा रहेका सरकारी कार्यालय प्रमुख, राजनीतिक दलको मात्रै देखिन्छ । जिम्मेवारी र भुमिकाका हिसावले जिल्ला तहका सबै संरचना समन्वयकारी रहेका छ । स्थानीय सरकार तीन तहका सरकारको रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार छ ।

**मुक्त कमैयाका पुनर्स्थापनाका लागि प्रदेश र स्थानीय सरकारका कार्यविधिमा नीति निर्माण व्यवस्थाको अवस्थाः**

मुक्त कमैया पुनर्स्थापना सम्बन्धि कार्यविधि जारी गर्दा नेपालको कानुनी अधिकारको प्रयोगको अवस्था

**तालिका नं.४**

| सरकार(प्रदेश र स्थानीय | सुदूपश्चिम प्रदेश सरकार | बढैयाताल गाउँपालिका, बर्दिया | गेरुवा गाउँपालिका, बर्दिया | भजनी नगर पालिका, कैलाली | जानकी गाउँपालिका, कैलाली | राप्ती गाउँपालिका, दाङ |
|---|---|---|---|---|---|---|
| प्रस्तावनामा अधिकारको प्रयोग सम्बन्धि | प्रशासकीय कार्यविधि( नियमित गर्ने) ऐन, २०७५ को दफ ३ ले दिएको अधिकार प्रयोग गरी सुदूपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ । | नेपालको संविधान २०७२ को धारा५१ ञ(६) को भावना र मर्म अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी मुक्त कमैया पुनर्स्थापना कार्यविधि २०८० जारी गरिएकोछ । | नेपालको संविधान २०७२ को धारा ५१ ञ(६) को भावना र मर्म अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी मुक्त कमैया पुनर्स्थापना कार्यविधि २०८१ जारि गरिएको छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी भजनीय नगरपालिकाले यो मुक्त कमैया, कम्लहरी तथा हलिया पुर्नस्थापना कार्यविधि २०८१ जारी गरेको छ । | नेपालको संविधान २०७२ को भाग-४ धारा ५१ (ञ)(६) को नीति अनुरुप जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ । | नेपालको संविधान २०७२ को धारा ५१ ञ(६) को भावना र मर्म अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी मुक्त कमैया पुनर्स्थापना कार्यविधि २०८९ जारी गरिएको छ । |
| जारी मिति | २०८०।१२।२२ | २०८०।०९।१३ | २०८०।०७।०७ | २०८२।०३।२७ | २०८१ | २०८०।१२।१४ |

**प्रदेश र स्थानीय सरकारले जारी गरेका कार्यविधिमा मुक्त कमैयालाई यसरी परिभाषित गरेका देखिन्छ**

**सुदूरपश्चिम प्रदेश सरकार**

मुक्त कमैया भन्नाले नेपाल सरकारको निर्णय बमोजिम मुक्त भई नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरेका कमैया सम्झनु पर्छ र सो शब्दले विभिन्न कारणले नेपाल सरकारले लगतमा समावेश हुन नसकी छुट भई यो कार्यविधि बजोजिम परिचयपत्र प्राप्त गर्ने कमैयालाई समेत जनाउँछ ।

**गेरुवा गाउँपालिका, बर्दिया**

मुक्त कमैया भन्नाले २०५७ साउन २ गते तथा २०७० असार १३ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरी पुनर्स्थापना भएका  र हुन बाँकी मुक्त कमैया परिवार तथा मुक्त कमलरी सम्झनु पर्दछ ।

**बढैयाताल गाउँपालिका, बर्दिया**

मुक्त कमैया भन्नाले २०५७ साउन २ गते तथा २०७० असार १३ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरी पुनर्स्थापना भएका  र हुन बाँकी मुक्त कमैया परिवार तथा मुक्त कमलरी सम्झनु पर्दछ ।

**भजनी नगरपालिका, कैलाली**

मुक्त कमैया भन्नाले नेपाल सरकारबाट कमैया मुक्त भई परिचयपत्र प्राप्त गरी पुनर्स्थापना भएका मुक्त कमैयालाई सम्झनु पर्छ ।

**जानकी गाउँपालिका, कैलाली**

मुक्त कमैया भन्नाले नेपाल सरकारको विभिन्न मितिको निर्णय बमोजिम मुक्त भई नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरेका मुक्त कमैया सम्झनु पर्छ

**राप्ती गाउँपालिका, दाङ**

मुक्त कमैया भन्नाले २०५७ साउन २ गते तथा २०७० असार १३ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरी पुनर्स्थापना भएका  र हुन बाँकी मुक्त कमैया परिवार तथा मुक्त कमलरी सम्झनु पर्दछ ।

**मुक्त कमैयाको लगत संकलन तथा परिचयपत्र वितरणको विषय प्रदेश र स्थानीय सरकारको कार्यविधिमा व्यवस्था गरिएको नीतिगत व्यवस्था**

**सुदूरपश्चिम प्रदेश सरकार**

स्थानीय तहले आवश्यक देखेमा कम्तिमा एक पटकका लागि नेपाल सरकारको लगतमा छुट हुन गएका मुक्त कमैया, हलिया तथा कम्लहरीको लगत संकलनको लागि अनुसूची १ कमोजिम तीस दिनको सूचना प्रकाशन गर्न सक्नेछ ।

**गेरुवा गाउँपालिका, बर्दिया**

मुक्त कमैया पुनर्स्थापना समितिले मुक्त कमैया, कम्लहरी तथा छुट मुक्त कमैया, कमलहरीहरुको लगत संकलन गर्ने सम्बन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने र सबै वडा कार्यालयमा तोकिएको ढाँचामा गणना टोली समक्ष आफ्नो विवरण बुझाउन सबैको जानकारीको लागि अनुसूची ३ बमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने ।

**बढैयाताल गाउँपालिका, बर्दिया**

मुक्त कमैया पुनर्स्थापना समितिले मुक्त कमैया, कम्लहरी तथा छुट मुक्त कमैया, कमलहरीहरुको लगत संकलन गर्ने सम्बन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने र सबै वडा कार्यालयमा तोकिएको ढाँचामा गणना टोली समक्ष आफ्नो विवरण बुझाउन सबैको जानकारीको लागि अनुसूची ३ बमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने ।

**भजनी नगरपालिका, कैलाली**

लगत भन्नाले यस कार्यविधि बमोजिम वडा कार्यालय मार्फत संकलन गरिने मुक्त कमैया, कम्लहरी तथा हलिया विवरण तथा तथ्याङ्क सम्झनु पर्छ । कमैयाको हकमा २०५७ साउन २ गते, हलियाको हकमा २०६५ भाद्र २१ र कम्लहरीको हकमा २०७० असार १३ गते भन्दा पहिले काम गरेको व्यक्तिको मात्र लगत लिनु पर्ने छ ।

**जानकी गाउँपालिका, कैलाली**

नेपाल सरकारले मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लगत संकलन तथा परिचयपत्र वितरण गर्दा तत्कालिन अवस्थामा छुट हुन गएका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लगत लिदाँ मुक्त कमैयाको हकमा २०५७ श्रावन २ गते, मुक्त हलियाको हकमा २०६५ साल भाद्र २१ र मुक्त कम्लहरीको हकमा २०७० असाढ १३ को मितिलाई आधार मानी त्यस अघि देखि कमैया श्रमिकको रुपमा काम गरेको आधार खुल्ने कागजात सहित निवेदन लिएका व्यक्तिहरुको निवेदन दर्ता गर्ने ।

**राप्ती गाउँपालिका, दाङ**

नेपाल सरकारले कमैया मुक्ति तथा कमलहरी मुक्ति घोषणा गर्दा तत्कालिन अवस्थामा छुटेका मुक्त कमैया तथा कमलहरी, लगत लिंदा कमैयाको हकमा २०५७ श्रावन २ गते र कम्लहरीको हकमा २०७० असाढ १३ को मितिलाई आधार मानी त्यस अघि देखि कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति र हाल पनि कमैया श्रम गर्दै आईरहेकाहरुको लगत लिनु पर्ने छ ।

**मुक्त कमैया पुनर्स्थापनाका लागि प्रदेश र स्थानीय सरकारका कार्यविधिको व्यवस्थाः**

**तालिका नं.५**

| सरकार (प्रदेश र स्थानीय) | सुदूपश्चिम प्रदेश सरकार | बढैयाताल गाउँपालिका, बर्दिया | गेरुवा गाउँपालिका, बर्दिया | भजनी नगर पालिका, कैलाली | जानकी गाउँपालिका, कैलाली | राप्ती गाउँपालिका, दाङ |
|---|---|---|---|---|---|---|
| प्रस्तावना र पुनर्स्थापना बुँद्धामा यस प्रकारका नीतिगत कार्यका लागि कार्यविधि जारी गरिएको तर्क रहेको छ | नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया र कम्हलरी लगायतलाई पहिचान गरी बसो बासका लागि घर घडेरी तथा जीविको पार्जनका लागि कृषियो ग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने राज्यको नीति रहेको | लगत संकलनको सूचना पुऱ्याउन, सूचना बमोजिम लगतमा समावेश गराउन, लगतमा कोही छुट नभएको सुनिश्चित गर्न, वर्गिकरण बमोजिमको परिचयपत्रको उपलब्धता सुनिश्चित गर्न कमैया श्रमिकको क्षे त्रमा काम गर्न गैरसकारी संस्थासँग समे त समन्वय र सहजीकरण गर्ने । | लगत संकलनको सूचना पुऱ्याउन, सूचना बमोजिम लगतमा समावेश गराउन, लगतमा कोही छुट नभएको सुनिश्चित गर्न, वर्गिकरण बमोजिमको परिचयपत्रको उपलब्धता सुनिश्चित गर्न कमैया श्रमिकको क्षेत्रमा काम गर्न गैरसकारी संस्थासँग समेत समन्वय र सहजीकरण गर्ने । | मुक्त कमैया, कम्लहरी तथा हलियाको पहिचान, पुर्नस्थापना कार्य सम्पन्न गर्न तथा वृत्ति विकासका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउदै जीवस्तरमा सुधार ल्याउन आवश्यक भएकोले | नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया र कम्लहरी लगायतलाई पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जीविको पार्जनका लागि कृषियोग्य जमिन र रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने राज्यको नीति रहेका | लगत संकलनको सूचना पुऱ्याउन, सूचना बमोजिम लगतमा समावेश गराउन, लगतमा कोही छुट नभएको सुनिश्चित गर्न, वर्गिकरण बमोजिमको परिचयपत्रको उपलब्धता सुनिश्चित गर्न कमैया श्रमिकको क्षेत्रमा काम गर्न गैरसकारी संस्थासँग समेत समन्वय र सहजीकरण गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रस्तावनामै उल्लेख छ | कमैया श्रमिकको उत्थानको लागि सर कारको कार्यक्रमसँग तादात्मय र अनुभूतयोग्य उपलब्धि (Tangile Result) प्राप्त गर्ने गरी आर्थिक तथा प्राविधिक सहायता गर्न विकास साझेदार संस्थालाई समेत सहभागी गराउने | कमैया श्रमिकको उत्थानको लागि सरकारको कार्यक्रमसँग तादात्मय र अनुभूतयोग्य उपलब्धि (Tangile Result) प्राप्त गर्ने गरी आर्थिक तथा प्राविधिक सहायता गर्न विकास साझे दार संस्थालाई समेत सहभागी गराउने | प्रस्तावनामै उल्लेख छ | नेपाल सर कारले विभिन्न मितिमा मुक्त कमैयाको लगत संकलन गरि परिचयपत्र प्राप्त भएता पनि पुनःस्थापना विभिन्न कारणले वस लगत संकलनमा छुट हुन गएका र परिचयपत्र प्राप्त भएता पनि पुनः स्थापना हुन नसकेका मुक्त कमैया... समस्या समाधान गर्न... | कमैया श्रमिकको उत्थानको लागि सर कारको कार्यक्रमसँग तादात्मय र अनुभूतयोग्य उपलब्धि (Tangile Result) प्राप्त गर्ने गरी आर्थिक तथा प्राविधिक सहायता गर्न विकास साझे दार संस्थालाई समेत सहभागी गराउने |

सुदूरपश्चिम प्रदेश सरकार, यसै प्रदेशका भजनी नगरपालिका कैलाली, जानकी नगरपालिका कैलाली र लम्बिनी प्रदेशका राप्ती गाउँपालिका दाङ, बढैयाताल गाउँपालिका बर्दिया, गेरुवा गाँउपालिका बर्दियाले कार्यविधिमा मुक्त कमैया, कम्लहरी र हलिया पुनर्स्थापनाका लागि कार्यविधि पारित गरिएको छ । पारित कार्यविधिमा लगत संकलन, पहिचान, परिचयपत्र प्रदान र बासका लागि जमिन, रोजगारीका कार्यक्रम समावेस गर्दा स्थानीय सरकारहरुले कार्यविधिमा संघीय सरकार तथा संरचनासँग समन्वयको व्यवस्था स्थानीय सरकारको कार्यविधिका उल्लेख गरेको देखिएन । गैरसरकारी संस्थासँग समन्वय र सहजीकरण गर्ने व्यस्था छ । स्थानीय र प्रदेश सरकारको मुक्त कमैया पुनर्स्थापना कार्यविधिले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,सत्रौं संशोधन २०७५सँग समन्वय सहकार्य उल्लेख गरेका पाइदै ।

**स्थानीय सरकारले मुक्त कमैया पुनर्स्थापना कार्यविधिमा परिचयपत्र नमूना**

गाउँपालिका र नरपालिकाले मुक्त कमैयाको पहिचानका सबै चरण सम्पन्न भएपछि प्रदान गरिने परिचयपत्रको नमूना यस प्रकार रहेको छ ।


तालिका नं.६

मुक्त कमैयाको परिचयपत्रको नमूना

| बढैयाताल गाउँपालिकाको मुक्त कमैयाको परिचयपत्रको नमूना | भजनी नगरपालिकाको मुक्त कमैया लगायतको परिचयपत्रको नमूना |
|---|---|
| **अनुसूची २**<br>**परिचयपत्रको ढाँचा**<br>**(कार्यविधिको दफा १० को (५) सँग सम्बन्धित)**<br><br>**अगाडि**<br>......गाउँपालिका/ नगरपालिका<br>....गाउँपालिका/ नगरपालिकाको कार्यालय....<br>मुक्त कमैया परिचयपत्र<br>फोटो<br>वर्ग .....<br>नाम:<br>ठेगाना:............पालिका, वडा नं.........<br>नागरिकता नं...........<br>(प्रमाणित गर्नेको सही)<br><br>**पछाडी**<br>बाबुको नाम:<br>पति वा पत्नीको नाम:<br>आफु समेत परिवार संख्या:<br>परिचयपत्र पाउनेको दस्तखत:<br>पारिवारिक विवरण<br>(यो परिचयपत्र कसैले भेट्टाएमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला ।) | **परिचयपत्रको ढाँचा**<br>**(कार्यविधिको दफा ९ संग सम्वन्धित)**<br><br>**अग्र भाग**<br>**भजनी नगरपालिका**<br>**नगर कार्यपालिकाको कार्यालय**<br>**भजनी, कैलाली**<br>**सुदुरपश्चिम प्रदेश, नेपाल**<br>**मुक्त कमैया/हलिया/ कम्लहरी परिचयपत्र**<br>नाम:- .................... प.प.न.-........<br>वर्ग :-....................<br>रक्त समूह :-....................<br>ठेगाना : भजनी नगरपालिका वडा नं.........<br>नागरिकता नं.:- ........................<br>नागरिकता जारी जिल्ला:-.......जारी मिति:-......<br>प्रमाणित गर्नेको सही<br><br>**पृष्ठ भाग**<br>बाबुको नाम :-........... आमाको नाम:-......<br>बाजेको नाम:-.........बज्यैको नाम:-........<br>पति/पत्नीको नाम :-..............<br>परिवार संख्या :-.......................<br>परिचयपत्र पाउनेको हस्ताक्षर :-<br>पारिवारिक विवरण :-<br>*(नोट : यो परिचयपत्र कसैले भेटाएमा भजनी नगरपालिका, नजिकको प्रहरी कार्यालय वा सम्वन्धित वडा कार्यालयमा बुझाइ सहयोग गरिदिन अनुरोध छ ।)* |

| गेरुवा गाउँपालिको मुक्त कमैयाको परिचयपत्रको नमूना | जानकी गाउँपालिकाको मुक्त कमैया लगायतको परिचयपत्रको नमूना |
|---|---|
| **अनुसूची २**<br>**परिचयपत्रको ढाँचा**<br>**(कार्यविधिको दफा १० को (५) सँग सम्बन्धित)**<br><br>**अगाडि**<br>......गाउँपालिका/ नगरपालिका<br>.....गाउँपालिका/ नगरपालिकाको कार्यालय....<br>मुक्त कमैया परिचयपत्र<br>फोटो<br>वर्ग .....<br>नाम:<br>ठेगाना:............पालिका, वडा नं.........<br>नागरिकता नं...........<br>(प्रमाणित गर्नेको सही)<br><br>**पछाडी**<br>बाबुको नाम:<br>पति वा पत्नीको नाम:<br>आफु समेत परिवार संख्या:<br>परिचयपत्र पाउनेको दस्तखत:<br>पारिवारिक विवरण<br>(यो परिचयपत्र कसैले भेट्टाएमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला ।) | अनुसुची-१<br>परिचयपत्रको ढाँचा<br>(कार्यविधिको दफा ५ को (१) संग सम्वन्धित)<br><br>**अग्र भाग**<br>**जानकी गाउँपालिका**<br>**गाउँकार्यपालिकाको कार्यालय**<br>**दुर्गौली, कैलाली**<br>**सूदुरपश्चिम प्रदेश, नेपाल**<br>**मुक्त कमैया/हलिया/ कम्लहरी परिचयपत्र**<br>फोटो<br>नाम:- ......................<br>वर्ग :-......................<br>रक्त समूह :-......................<br>ठेगाना : जानकी गाउँपालिका वडा नं.........<br>नागरिकता नं.:- ..........................<br>प्रमाणित गर्नेको सही<br><br>**पृष्ठ भाग**<br>बाबुको नाम :-.......................<br>पति/पत्नीको नाम :-..............<br>परिवार संख्या :-........................<br>परिचयपत्र पाउनेको हस्ताक्षर :-<br>पारिवारिक विवरण :-<br>*(नोट : यो परिचयपत्र कसैले भेटाएमा जानकी गाउँपालिका दुर्गौली, कैलाली वा सम्वन्धित वडा कार्यालयमा बुझाइ सहयोग गरिदिन अनुरोध्द छ ।)* |

राप्ती गाउँपालिकाको मुक्त कमैयाको परिचयपत्रको नमूना



**अनुसूची २**
**परिचयपत्रको ढाँचा**
**(कार्यविधिको दफा १० को (५) सँग सम्बन्धित)**

**अगाडि**

राप्ती गाउँपालिका÷ नगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी दाङ
मुक्त कमैया परिचयपत्र
वर्ग .....
फोटो
नामः
ठेगानाः............ वडा नं.........
नागरिकता नं...........
(प्रमाणित गर्नेको सही)

**पछाडी**

बाबुको नामः
पति वा पत्नीको नामः
आफु समेत परिवार संख्याः
परिचयपत्र पाउनेको दस्तखतः
पारिवारिक विवरण
(यो परिचयपत्र कसैले भेट्टाएमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला।)

बर्दियाको बढैयाताल गाउँपालिका र कैलालीको भजनी नगरपालिको मुक्त कमैयाका लागि स्थानीय सरकारले मुक्त कमैया पुनर्स्थापना कार्यविधि मार्फत परिचयपत्र दिने परिचयपत्रको ढाँचा समेत बनाएको छ। यसमा कमैयाको परिचय खुल्लने छ रक्त समूह खुल्लने छ। भजनी नगरपालिकाले बाजे, बज्यै, परिवार संख्या र परिवारको विवरण समेतको अभिलेख परिचयपत्रका समावेश गरेको छ। भजनीय नगरपालिकाले मुक्त कमैया, हलिया र कम्लहरीको परिचयपत्र पाउनेको तस्विरको स्थान राखेको छैन। बढैयाताल गाउँपालिकाले भने एकपुस्ता पहिलो परिचयपत्र पाउनेको तस्विर, बुवा परिवारको विरण समावेश गरेको छ। बर्दिया कै गेरुवा गाउँपालिका र दाङको राप्ती गाउँपालिकाले बढैयाताल गाउँपालिकाको हुँबहु परिचयपत्रको ढाँचा बनाएको छ। कैलालीको जानकी गाउँपालिकाले मुक्त कमैया, हलिया र कम्लहरीको परिचयपत्र एकै प्रकारको हुने व्यवस्था गरेको छ।

## निष्कर्ष

मुक्त कमैया पुनर्स्थापना भावना, लोकपृयताका, कसैको दवावमा वा राजनीतिक दाउपेचका आधारमा नीति बनाउने वा कार्यान्वयन गर्ने विषय बन्नु हुँदैन्। यो विषय मानव अधिकार, नागरिकार र आर्थिक, सामाजिक, पेशागत रुपमा हालसम्म भएका कार्यले मुक्त कमैया राहत भन्दा आहात बढी देखिन्छ। २०५७ सालदेखि कमैया मुक्त भएभन्ने सरकारले अहिलेसम्म संघीयतको संबैधानिक व्यवस्था, राज्यपुर्नसंरचनाको विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ लाई संशोधन २०७२ र मुक्त कमैया पुन:स्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,को सत्रौं संशोधन २०७५ गर्दा समेत स्थानीय सरकारलाई चिनेको छैन। जिल्ला तहको संरचना राज्यपुर्नसंरचनाले केवल समन्वयकारी मात्रै भएको अवस्थामा कसरी एक तह स्थानीय तहसँगको समन्वय, सहभागिता, सहकार्य र अधिकारको प्रयोग नगरी पुनर्स्थापना संभव देखिदैन। पुनर्स्थापना गर्दा जिल्ला तहले

स्थानीय तह संबैधानिका अधिकार क्षेत्र भित्रका अधिकार के कति र कसरी प्रयोग गर्न सकिन्छ भन्ने पनि हेक्का नराखेर संघीय नीति बनेका छन् । यसका साथै सबै नीति देशको मुल कानुन संघ नबाभिने हुनु पर्ने र बनाउनु पर्ने नीतिगत व्यवस्था छ । तर संघीय कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ लाई संशोधन २०७२ र मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश २०६५,को सत्रौं संशोधन २०७५ विद्यमान रहेको अवस्थामा सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय सरकारले संविधानको विधि र प्रशासकीय कार्यविधिका आधारमा स्थानीय सरकारले मुक्त कमैया पुनर्स्थापना कार्यविधिहरु सर्वसत्तावादी सोच हो या सार्वधिकार निहत जस्तो गरी जारी भएको देखिन्छ ।  अझै पनि सरकारी तथ्यान मुक्त कमैया ३२, ५०९ कमैया परिवारले परिचयपत्र पाएकोमा क र ख वर्गका केवल ८४ प्रतिशत मात्र पुनर्स्थापना गरेको तथ्याङ्क छ । कुल मुक्त कमैया परिवार ८३ प्रतिशत कमैया परिवार मात्र पुनर्स्थापित भएका छन् । अझै ग र घ वर्गका परिचय पत्र पाएर तर पुनर्स्थापना नभएका १७ प्रतिशत (५४८८ कमैया परिवार) पुनर्स्थापनाबाट बञ्चित भएका छन् । यसका साथै छुट मुक्त कमैया परिवार १२ हजार ४६२ मुक्त कमैया परिवार परिचयपत्र पाउन र पुनर्स्थापना हुन बाँकी छन । यी सबै तथ्य तथा प्रमाणका आधारमा मुक्त कमैया पुनर्स्थापना गर्नु पर्ने अनिवार्य छ । तर तहगत सरकारका आ-आफ्नै सोच, निर्णय र क्षेत्रका आधारमा मात्रै पुनर्स्थापना कानुन बनाउदा न त मुक्त कमैया पुनर्स्थापनाको हुने संभावना छ न एकरुपता नै छ । अरु नीतिगत भिन्नताले समस्या समाधान भन्दा पनि नीति व्यवस्थापना गर्नु पर्ने देखिन्छ ।

**सिफारिस**

सरकारले मुक्त कमैया र आश्रित परिवारको दासता स्वीकार गरी वि.सं.२०५२ सालमै कमैया परिवार १५ हजार १५२ जनाको तथ्याङ्क संकलन गरेको तथ्य छ । आज अझै मुक्त कमैयाको पहिचान, पुनर्स्थापना, संघीय कानुनले प्रदेशर र स्थानीय तह नचिन्ने, स्थानीय तह र प्रदेशले विद्यमान संघीय ऐन र गठन आदेश नचिन्ने यसले प्रष्ट के हुन्छ भने अधिकारवाला (मुक्त कमैया) वा अधिकारको पैरवी गर्ने गैरसरकारी संस्थाको पैरवीका आधारमा कानुन बन्ने, प्रभावित हुने देखिन्छ । यसका साथै अझै कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले "कमैया परिवारमा "कमैया श्रमिक" भन्नेको भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्छ ।" भनेको यी श्रमिकको कहिले पहिचान हुने, कहिले पुनर्स्थापना गर्ने नगर्दा फेरी नीतिको विरुद्ध हुन्छ । सबै पक्षको समाधानका लागि निम्न विधि अपनाउनु उपयुक्त हुनेछ ।

- संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा एकै कानुनका आधारमा मुक्त कमैया र कमैया श्रमिकले परिभाषित गरेकालाई अब उप्रान्त मुक्त कमैया र कमैया श्रमिक भनिएकाको कुनै कार्य बाँकी नरहने गरी मुक्त कमैया पुनर्स्थापनाको बाँकी कामलाई एकमुष्ट समाधान गर्ने नीति बनाउनु पर्दछ ।
- छुट मुक्त कमैया समेतको एकिन तथ्याङ्क संकलनको विधि बनाएर तथ्याङ्क संकलन, पहिचान, पुनर्स्थापनाको नीति बनाउनु पर्दछ ।
- मुक्त कमैया, कमैया श्रमिक वा छुट मुक्त कमैयाको सम्पूर्ण कार्यको एकरुपता बनाएर स्थानीय तहलाई नीतिगत रुपमा पुनर्स्थापनाको जिम्मेवारी दिने र बाँकी बाधा अडचन, कानुनी, आर्थिक लगायतका विषयमा संघ र प्रदेश सरकारले सहयोग गर्ने नीति अबलम्बन गर्नु पर्दछ ।
- मुक्त कमैया पुनर्स्थापनामा गैरसरकारी तथा नीति क्षेत्रलाई समेतलाई सरकारको साथसाथ पुनर्स्थापनामा जिम्मेवारी दिने नीति हुनु पर्दछ ।

**सन्दर्भ सामग्री**

भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(२०७३/२०७४) । काठमाडौं । नेपाल सरकार

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन-२०५८, संशोधन-२०७२ । काठमाडौं । नेपाल सरकार

मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश-२०६५,सत्रौं संशोधन-२०७५, । काठमाडौं । नेपाल सरकार

मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि-२०८०, । धनगढी । सुदूरपश्चिम प्रदेश सरकार

मुक्त कमैया पुनर्स्थापना कार्यविधि-२०८०, । दाङ । राप्ती गाउँपालिका

मुक्त कमैया पुनर्स्थापना कार्यविधि-२०८०, । बर्दिया । बढैयाताल गाउँपालिका

मुक्त कमैया पुनर्स्थापना कार्यविधि-२०८१, । बर्दिया । गेरुवा गाउँपालिका

मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि-२०८१, । कैलाली । जानकी गाउँपालिका

मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि-२०८१, । कैलाली । भजनी नगरपालिका

मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति-२०७८, काठमाडौं । नेपाल सरकार

दश बुदँ सहमति-२०६३, काठमाडौं । नेपाल सरकार

https://www.loksambad.com/news/27601